घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

मिति: २०७६/११/२१

## परीक्षा सम्बन्धि अत्यन्त जरुरी सूचना ।

बिश्वभर कोरोना भाइसरको संक्रमण र सन्त्रास बढ्दै गएको सन्दर्भमा आवश्यक सतर्कता अपनाउन उपयुक्त भएकोले विद्यालयगत रुपमा सञ्चालन हुने शैक्षिक सत्र २०७६ को पूर्व प्राथमिक एवम् कक्षा १ देखि ९ सम्मको बार्षिक परीक्षा यथाशिघ्र प्रारम्भ गरी आगामि चैत्र ५ गते भित्र सम्पन्न गरिसक्ने व्यवस्था गर्न गराउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६/११/२० मा निर्देशन भएकोले सोही बमोजिम मिति २०७६/११/२१ गते बसेको परीक्षा समितिको निर्णयानुसार यस घोराही उपमहानगरपालिका भित्रका सम्पुर्ण सामुदायिक एवम् संस्थागत विद्यालयहरुले मिति २०७६/११/२८ गते परीक्षा शुरु गरि चैत्र ५ भित्र सम्पन्न गर्ने गरि व्यवस्था मिलाउन सवै विद्यालयहरुलाई जानकारी गराइन्छ, साथै कक्षा ५ र ८ को परीक्षा तपशिल बमोजिमको समय तालिका बमोजिम विहान ११:०० बजे देखि सञ्चालन गर्ने गराउने समेत जानकारी गराइन्छ ।

तपशिल

घोराही उप-महानगरपालिका , घोराही दाङ
आधारभूत तह कक्षा ८ र कक्षा ५ को परीक्षा तालिका

| मिति | कक्षा ५ | कक्षा ८ | कैफियत |
|---|---|---|---|
| २०७६/११/२८ | गणित | गणित | |
| २०७६/११/२९ | बिज्ञान, वातावरण र स्वास्थ्य तथा शारीरिक शिक्षा | बिज्ञान (साधारण तर्फ)/ बिज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा (संस्कृत तर्फ) | प्रयोगात्मक परीक्षा विद्यालयले परीक्षा समय अवधि भित्र समय मिलाइ अनिवार्य रुपमा गर्नहुन |
| २०७६/११/३० | अंग्रेजी | अंग्रेजी | |
| २०७६/१२/१ | नेपाली | नेपाली | |
| २०७६/१२/२ | सामाजिक अध्ययन सिर्जनात्मक कला /सामाजिक अध्ययन -(उर्दु) -मदरसा | सामाजिक अध्ययन र जन सङ्ख्या शिक्षा | |
| २०७६/१२/३ | मातृभाषा/ स्थानिय विषय (तामिरे अदब उर्दु)- मदरसा | पेशा व्यवसाय र प्रविधि शिक्षा | |
| २०७६/१२/४ | कुरान अरबी - मदरसा | नैतिक शिक्षा र स्वास्थ्य शारीरिद शिक्षा ( साधारण तर्फ)/संस्कृत भाषा (संस्कृत तर्फ ) | |
| २०७६/१२/५ | नुरानी तालिम - मदरसा | मातृभाषा वा स्थानिय विषय वा संस्कृत र अन्य / संस्कृत व्याकरण (संस्कृत तर्फ ) | ऐ. अंग्रेजी/गणित/ कम्प्यूटर शिक्षा |

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं

Scanned with CamScanner

## अन्य थप सुचनाहरु :

- कक्षा ८ लगायत सम्पुर्ण कक्षाको परीक्षा केन्द्र सम्बन्धीत विद्यालयमा नै कायम गर्ने ।
- कक्षा ५ को गणित एवम् विज्ञान तथा वातावरण, स्वास्थ्य र शारिरीक २ विषयका प्रश्नपत्र र कक्षा ८ का सबै विषयका प्रश्नपत्रहरु शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट उपलब्ध गराइने र अन्य कक्षा र विषयका प्रश्नपत्र सम्बन्धित विद्यालयले नै तयार गरीगर्ने । कक्षा ५ का २ विषय र कक्षा ८ का ३ विषयका प्रश्नपत्र मिति २०७६/११/२६ गते प्र.अहरुका अभिमुखिकरण कार्यक्रम गरी वितरण गरिने र कक्षा ८ का बाकि विषय २०७६/१२/३० गते साझँ ५ :०० बजे सम्बन्धित विद्यालयका प्र.अहरु स्वयमरले शुरुका ३ वटा विषयका उत्तरपुस्तिका बुझाइ बाकि विषयका प्रश्नपत्र शिक्षा युवा तथा खेलकुद महाशाखामा आई बुझि सुरक्षित तरीकाले लगि परीक्षा सञ्चालन गर्ने र कक्षा ८ का बाकि विषयको उत्तरपुस्तिका परीक्षा सकिएको अन्तिम दिन बेलुकी ५:०० वजे सम्म यस महाशाखामा बुझाइसक्नुपर्नेछ ।
- कक्षा ५ का उत्तर पुस्तिकाहरु सम्बन्धित विद्यालयले परीक्षण गरी लेजर एवम् मार्कसिट समेतमा अंक भरी विद्यालयले रुजु गरी यस महाशाखामा प्रमाणितका लागि पेश गर्ने र कक्षा ८ का सम्पुर्ण विषयका उत्तर पुस्तिकाहरु परीक्षणका लागि शिक्षा, येुवा तथा खेलकुद महाशाखामा तोकिएको मितिमा पठाउने ।

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं

Scanned with CamScanner